# गोडैता नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गोडैता, सर्लाही
मधेश प्रदेश, नेपाल

प.स. :२०८२।०८३
च.नं. : १२६६

मिति : २०८३।०१।२२

## अतिक्रमित सार्वजनिक/सरकारी जग्गा खाली गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

प्रस्तुत बिषयमा संघिय मामिला तथा समान्य प्रशसन मन्त्रालय ( स्थानिय तह समन्वय शाखा) को प.स. २०८२/०८३ , च.नं. ४१२ , मिति २०८३/०१/१७ गतेको पत्रानुसार यस नगरपालिका क्षेत्र भित्र रहेका सरकारी/सार्वजनिक जग्गाहरू बिभिन्न व्यक्ति वा संघसंस्थाहरुको अनाधिकृत रूपमा कब्जा गरी घर, टहरा तथा संरचनाहरू निर्माण गरेको सन्दर्भमा तत्काल हटाउन सूचित गरिन्छ ।

स्थानिय सरकार संचालन ऐन,२०७४ को परिच्छेद १३ मा भएको स्थानिय तहको सम्पतिको संरक्षण सम्बन्धि व्यवस्था अर्न्तगत ऐ. ऐन को दफा ८७ मा गाउँपालिका तथा नगरपालिका क्षेत्र भित्रको सम्पतिको संरक्षण सम्बन्धि गाउँपालिका तथा नगरपालिकाले नै गर्नुपर्ने व्यवस्था छ । सो सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८२/१२/१३ को बैठकको १०० बुँदे कार्ययोजनाको बुँदा नं. ८२ मा उल्लेख भए बमोजिम यस नगरपालिकाले सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्न डिजिटल अभिलेख तयार गर्ने , निगरानी प्रणाली सुदृढ गर्ने तथा अबैध कब्जा हटाउने कार्य तत्काल प्रारम्भ गर्ने र नयाँ अतिक्रमण कडाईका साथ रोक लगाउने भएको हूँदा यस नगरपालिका क्षेत्र भित्र खाली प्रकृतिको संरचना निर्माण गर्ने वा जग्गा अतिक्रमण गर्ने व्यक्ति वा संस्था आफैले ३५ (पैतिस) दिन भित्र खाली गरिदिनुहुन यो सुचना सम्बन्धित सबैको जानकारीको लागि प्रकासित गरिएको छ ।

यदि तोकिएको समय सिमा भित्र अतिक्रमण नहटाएमा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित अतिक्रमण गरी बसोबास गर्ने व्यक्ति वा संस्थाबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ र प्रचलित कानून अनुसार कारबाही भईजाने व्यहोरा समेत सूचित गरिन्छ ।

२।१।२२

हेम बहादुर कार्की
(प्रमुख प्रशासकीय अधिकृत)

हेम बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री जिल्ला प्रशासन कार्यालय , सर्लाही
श्री प्रहरी कार्यालय , सर्लाही
श्री सशस्त्र प्रहरी बि.ओ.पी. बहादुरपुर
श्री सशस्त्र प्रहरी बेश क्याम्प पक्डी , बिष्णु गा.पा. सर्लाही
श्री ईलाका प्रहरी कार्यालय , गोडैता बजार सर्लाही
श्री ईलाका प्रहरी कार्यालय , गडहिया डुमरिया , रामनगर गा.पा. सर्लाही
श्री प्रहरी चौकी , हरकठवा , धनकौल गा.पा. सर्लाही